# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेर्ना, ओखलढुंगा

१ नं. प्रदेश, नेपाल

पत्र संख्या: ०७६/७७
च.नं.: ११५३

मिति : २०७७/०२/०८

श्री सबै सहकारी संस्थाहरु,
चिशंखुगढी गाउँपालिका सेर्ना, ओखलढुंगा ।

विषय: जानकारी गराईएको सम्बन्धमा ।

प्रस्तुत विषयको सम्बन्धमा घरेलु तथा साना उद्योग कार्यालय ओखलढुंगाको च. नं.,५७७ मिति २०७७/०२/०५ गतेको प्राप्त पत्रानुसार आ.व. ०७६/७७ को स्वीकृत कार्यक्रममा उल्लेखित **सहकारीमा आधारित आधारभूत खाद्य वस्तुको सुपथ मूल्य पसल संचालन गर्ने सम्बन्धमा ईच्छुक सहकारी संस्थाहरुलाई सिलबन्दी प्रस्ताव पेश गर्न सूचना आव्हान** गरेको हुँदा यस चिशंखुगढी गाउँपालिका अन्तर्गतका सबै सहकारी संस्थाहरुले प्रस्ताव पेश गर्दा ध्यान दिनुपर्ने कुराहरु तथा पालना गर्नु पर्ने शर्तहरुको अधीनमा रही तोकिएको समयावधी भित्र आवश्यक कागजातहरुका साथ निर्देशित ढाँचामा सिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

संलग्नः
१.सिलबन्दी प्रस्ताव आव्हानको सूचना ।
२. प्रस्ताव पेश गर्दा ध्यान दिनुपर्ने कुराहरु र पालना गर्नुपर्ने शर्तहरु ।

०७७/०२/०८
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

E-mail: chishankhugadhi@gmail.com ito.chishankhugadhimun@gmail.com website: www.chishankhugadhimun.gov.np

फोन नं : ०३७-५२०१०६
इमेल :csidbokhaldhunga@gmail.com

प्रदेश सरकार
प्रदेश नं. १
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# घरेलु तथा साना उद्योग कार्यालय

प.सं.: ०७६।०७७
च.नं. :

<u>प्रस्ताव पेश गर्दा ध्यान दिनुपर्ने कुराहरु र पालना गर्नु पर्ने शर्तहरुः</u>

१.सिलवन्दी प्रस्ताव पेश गर्ने सहकारी संस्थाले यस कार्यालयमा सम्पर्क गरी प्रस्ताव सम्बन्धी नमूना फाराम प्राप्त गर्न सक्नेछ ।

२.प्रस्ताव कार्यालयवाट तयार पारेको ढाँचामा नै पेश गर्नुपर्नेछ ।

३.प्रस्ताव साथ पेश भएका कागजातहरुमा संस्थाको आधिकारिक व्यक्तिको दस्तखत र संस्थाको छाप लगाएको हुनुपर्नेछ ।

४.प्रस्ताव पेश गर्दा खाम वाहिर <u>सुपथ मूल्यको सहकारी पसल संचालन सम्वन्धी सहयोगका लागि प्रस्ताव</u> भनि सूचना प्रकाशित भएको १५ दिन भित्र (कार्यालय समयभित्र) यस कार्यालयमा सिलवन्दी गरी दर्ता गरी सक्नुपर्नेछ ।

५.तोकिएको समयावधि भित्र दर्ता हुन आएका प्रस्तावहरु सूचना प्रकाशन भएको १६ औं दिन दिनको १:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन । प्रस्ताव दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन सोही समय र स्थानमा दर्ता गर्ने/खोलिनेछ ।

६.प्रस्ताव पेश गर्दा अंक र अक्षरमा स्पष्ट भर्नुपर्नेछ ।अंक अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७.सिलवन्दी प्रस्तावमा सहीछाप छुटेको, सबै विवरण स्पष्ट नभरेको, म्याद नाघी आएको, रित नपुगेको जस्ता प्रस्तावहरु छनौट प्रक्रियमा समावेश गरिनेछैन ।

८. सिलबन्दी प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार छनौट समितिमा निहित रहनेछ ।

९.प्रस्ताव सम्न्धी अन्य शर्तहरु सूचना र सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ ।

१०. सहकारी संस्थाको तर्फबाट कम्तीमा १० प्रतिशत लगानी गर्ने प्रतिवद्धता पेश गर्नुपर्नेछ ।वढी लगानी गर्नेलाई प्राथमिकता दिईनेछ ।

११. दैनिक ज्यालादारीमा काम गर्ने श्रमिकहरु, विपन्न परिवारको संख्या वढी भएको र विद्यार्थीहरुको वसोवास धेरै भईरहेको स्थानलाई प्राथमिकता दिई पसल संचालन गर्ने स्थान पहिचान गरी प्रस्ताव पेश गर्नुपर्नेछ ।

१२.अन्य कुरा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको अनुदान तथा सहयोग सम्वन्धी कार्यविधि २०७६, सुपथ मूल्यको सहकारी पसल संचालन सम्वन्धी(संसोधन सहित) नियमावली, २०६५, सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद (संसोधन सहित) नियमावली २०६४ र अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

०७६/२/१५
उद्योग अधिकृत
(अधिकृतस्तर छैठौं)

फोन नं : ०३७-५२०१०६
इमेल :csidbokhaldhunga@gmail.com

प्रदेश सरकार
प्रदेश नं. १
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
ओखलढुंगा

प.सं.: ०७६।०७७
च.नं. :

प्रथम पटक प्रकाशित मिति:२०७७/०२/०५

## सहकारीमा आधारित आधारभूत खाद्य बस्तुको सुपथ मूल्य पसल सञ्चालन सम्बन्धी ईच्छुक सहकारी संस्थाहरुलाई सिलबन्दी प्रस्ताव आव्हानको

# सूचना ।।।

यस कार्यालयको आ.व.२०७६/७७ को स्वीकृत सहकारीमा आधारित आधारभूत खाद्य वस्तुको सुपथ मूल्य पसल सञ्चालन सहयोग कार्यक्रम अन्तर्गत छनौट भएको सहकारी संस्थालाई रु. १,८०,०००।- ( अक्षेरुपी एक लाख असी हजार मात्र) बिउपूजीको रुपमा अनूदान दिइने भएकोले यस जिल्लामा विधिवत् रुपमा सम्बन्धित निकायमा दर्ता भई हाल संचालनमा रहेका सहकारी संस्थाहरुवाट सुपथ मूल्यको सहकारी पसल संचालन गर्ने ईच्छुक सहकारी संस्थाहरुबाट सिलबन्दी प्रस्ताव आव्हान गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा सम्पर्क गरी तोकिएको ढाँचामा आवश्यक कागजातहरु सहित सिलबन्दी प्रस्ताव सहितको निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०३७५२०१०६ र मोबाइल नं. ९८५२८४०६०६ मा सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

<u>प्रस्तावसाथ संलग्न गर्नुपर्ने कागजातहरु:</u>

१.सहकारी संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
२.सहकारी संस्थाको विनियमावलीको प्रमाणित प्रतिलिपि।
३.स्थायी लेखा नं./ मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि।
४.आर्थिक वर्ष ०७५/०७६को लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि।
५.आर्थिक वर्ष ०७५/०७६ करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
६.आर्थिक वर्ष ०७६/०७७ साधारण सभाको प्रमाणित प्रतिलिपि।
७.पसल संचालन गर्ने सम्वन्धमा साधारणसभा/संचालक समितिबाट भएको निर्णयको प्रतिलिपि।
८.सहकारी संस्थाको आफ्नै भवन/अरुको भवन वहालमा लिएर पसल संचालन गर्ने हो ? सो को विवरण, भाडामा लिएको भए सम्झौता खुल्ने कागजात ।
९.कार्यालयवाट तयार पारिएको ढाँचामा प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ ।
१०.कालो सूचीमा नपरेको भनि स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।
११.पसल संचालन गर्न चाहेको स्थानीय तहको सम्वद्ध वडा कार्यालयको सिफारिस।
१२. पसल संचालन सम्बन्धमा सहकारी संस्थावाट तयार पारिएको व्यवसायिक कार्ययोजना ।
१३.पसल संचालन गरिने स्थानको स्केच नक्सा।
१४.सहकारी संस्थाको तर्फवाट अनुदान माग गरि प्रस्ताव पेश गरिएको व्यहोराको पत्र।
१५.सहकारी संस्थासँग रहेको जनशक्तिको विवरण ।

उद्योग अधिकृत
(अधिकृतस्तर छैठौं)